म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३४६ शुक्रबार ११ साउन २०८१ ने. सं. ११४४ दिल्लागा 26 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राप्तीखोलाले बगाउँदा एक पुरुषको मृत्यु

हेटौंडा, १० साउन/हेटौंडा-१० स्थित राप्तीखोलाले बगाउँदा एक पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा -१ स्थित जरुवाटोलमा केही समयदेखि तरकारी बजारमा तरकारी लोडअनलोड गरी ज्यालादारीमा काम गर्ने राजु पन्त नामले चिनिने ब्यक्ति रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

सोहीस्थान बस्ने निरु आले मगरले उनको पहिचान गरेको प्रहरीले जनाएको छ । शुक्रबार १० बजेको समयमा स्थानीय र प्रहरीको सहयोगमा तत्काल उद्दार गरी उपचारको लागि हेटौंडा अस्पताल ल्याएकोमा १०:४० को समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

# गुपचुप मन्त्री नियुक्तिले विवादमा मुख्यमन्त्री लामा, सपथ नै स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ बागमती प्रदेश सरकारमा बिहीवार चार जनालाई मुख्यमन्त्री बहादुर सिं लामाले गुपचुपमै मन्त्री नियुक्त गरेपछि कांग्रेसमा विवाद चर्किएको छ ।

मन्त्री नियुक्तिको पत्र आफैंले बोकेर साढे ४ बजे नै प्रदेश प्रमुखको कार्यालयमा आइपुगेका मुख्यमन्त्री लामाले सवा ५ बजे चार जना मन्त्रीको सपथ तय गर्न लगाएका थिए । तर, उनको निर्णय एक घण्टा पनि टिक्न सकेन् । प्रदेश प्रमुख कार्यालयले व्यवस्थापन गरिसकेको सपथ कार्यक्रम साढे ५ नहुँदै रोकिएको खबर आएको थियो ।

सपथका लागि बागमती प्रदेश सभाका सभामुख भुवनकुमार पाठक, एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया, मन्त्री सुकमाया तामाङ, सांसददेखि मन्त्रालयका सचिवहरु उपस्थित थिए । सपथ अघि प्रदेश प्रमुख यादवचन्द्र शर्माको कार्यकक्षमा मुख्यमन्त्री लामा, सभामुख पाठक, एमाले नेता थपलिया, कांग्रेस सांसद तथा पार्टी बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँलगायत बैठकमा जुटेका थिए ।

उक्त बैठकमै मुख्यमन्त्री लामाले नवनियुक्त मन्त्रीहरुको नामावली बारे जानकारी गराएपछि सुरुमै एमाले बिच्कियो भने कांग्रेसभित्रै असन्तुष्टि देखियो । कांग्रेसमा मन्त्री नियुक्तिको सुरुवातबाटै उत्पन्न र स्साकस्सी प्रदेश प्रमुख कार्यालयमै पोखियो । मुख्यमन्त्री लामाले मन्त्रिपरिषद् विस्तार गर्दै आफ्नै दल कांग्रेसका तर्फबाट प्रभात तामाङलाई आर्थिक मामिला तथा योजना, सुरजचन्द्र लामिछानेलाई आन्तरिक मामिला तथा कानुन, मीनकृष्ण महर्जनलाई युवा तथा खेलकुद र बिमल ठकुरीलाई संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिए ।

बुधबार मन्त्री नियुक्त भएका कुन्दनराज काफ्लेलाई सामाजिक विकास र श्यामबहादुर खड्कालाई खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी आज बिहीवार नै दिएका थिए । कांग्रेसबाट बुधबार नै मन्त्री भएका मदुकुमार श्रेष्ठले भने मन्त्रालय पाएका छैनन् । बुधवार विनाविभागीय मन्त्रीको सपथ लिएर आज सामाजिक विकास मन्त्रालयको जिम्मेवारी पाएका काफ्ले आफैंले सपथ रोक्न आग्रह गरेको छलफलमा सहभागी स्रोतले जानकारी दियो ।

काफ्लेले भौतिक पूर्वाधार विकास मन्त्रालय मागेका थिए । कांग्रेसले पहिला लगाइसकेको भागबन्डामा परिवर्तन गरी भौतिक एमालेलाई दिएर आर्थिक मामिला मन्त्रालय लिएको थियो । उनले आर्थिक मामिला मन्त्री नै माग गरेका थिए । तर, उनलाई लामाले सामाजिक विकास मन्त्रालयको जिम्मेवारी दिए ।

आफूलाई सामाजिक विकास मन्त्रालय नियुक्त गरेको खबर पछि काफ्ले प्रदेश प्रमुख कार्यालयमै आएर मुख्यमन्त्री लामासँग असन्तुष्टि पोखेका थिए । उनले आधा घण्टा बढी समय लामासँग वार्ता गरेर लामासँगै एउटै गाडीमा प्रदेश प्रमुख कार्यालयबाट निस्किएका थिए ।

एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले भने मुख्यमन्त्री लामाले सल्लाह नगरी मन्त्री थपेको भन्दै निर्णयप्रति असहमति राखेका हुन् । १३ सदस्यीय मन्त्रिपरिषद् रहेको बागमतीमा कांग्रेसलाई मुख्यमन्त्रीसहित ७ र एमालेलाई ६ मन्त्रालय भागबण्डा लागेको थियो । तर, मुख्यमन्त्री लामाले बिहीवार कांग्रेसबाट ३ जनालाई मन्त्री बनाउनु पर्नेमा ४ जना मन्त्री नियुक्त गरे । उनले बुधवार आफूसँगै कुन्दनराज काफ्ले, मदुकुमार श्रेष्ठ र श्याम खड्कालाई विना विभागीय मन्त्रीको सपथ गराइसकेका थिए ।

लामाले १४ मन्त्री नियुक्त गरेपछि थपलियाले असहमति राखेका हुन् । शपथ कार्यक्रमकै लागि प्रदेश प्रमुख कार्यालय आएका एमाले दलका नेता जगन्नाथ थपलियाले मन्त्री थप्ने एकल निर्णयप्रति असहमति राखेको छलफलमा सहभागी स्रोतले भन्यो । एमालेले मन्त्रालय फुटाएर मन्त्रालय संख्या बढाउन नदिनेबारे लामालाई थपलियाले स्पष्ट पारेका थिए । थपलिया प्रदेश प्रमुख कार्यालयबाट निस्किएर प्रदेश सभास्थित संसदीय दलको कार्यालयमा पुगेका थिए । उनलाई भेट्न बानियाँ त्यहीँ पुगेका थिए ।

बिहीवारलाई तय भएको सपथ रोकिएको जानकारी दिँदै यस बारेमा मुख्यमन्त्री लामाले प्रतिक्रिया दिन चाहेनन् । कांग्रेस बागमती प्रदेशका मुख्य सचेतक गोविन्द लम्सालले नियुक्त भइसकेका मन्त्रीहरुको सवालमा नेतृत्वसँगको छलफलबाटै टुंग्याउन प्रयास गरिने बताए । 'आन्तरिक रुपमा देखिएको समस्या समाधानको बाटो अब पार्टी नेतृत्वसँग बसेर मात्रै हुन्छ ।,' उनले भने । एमालेसँग मन्त्रालयको संख्याको विषयमा छलफलबाटै सहज ढंगले टुंगिने लम्सालले विश्वास लिए ।



### आकांक्षी धेरै, महिलालाई उपेक्षा

३७ सांसद रहेको कांग्रेसबाट मन्त्रीका आकांक्षी मात्रै दुई दर्जनको संख्यामा रहेका छन् । महिला सांसदलाई मन्त्री नबनाए पछि लामा विवादमा तानिएका छन् ।

समिता खड्की, हरिप्रभा खड्की, सुना परियार, उर्मिला नेपाल, विनु रायमाझीलगायतका सांसदहरु मन्त्री बन्ने चर्चामा थिए । 'मन्त्री छनौटको प्रक्रिया र मापदण्ड बारे छलफल हुँदा महिलालाई अनिवार्य मन्त्री बनाउनुपर्ने कुरा उठेको र सबैले सहमति पनि जनाइसकेका थिए । तर, अहिले महिला मन्त्री नै परेनछन् ।,' कांग्रेसका एक सांसदले भने । ती सांसदकाअनुसार संस्थापन पक्षबाट २ जना, संस्थापन इतरबार २ जना र महिला दुई जना गरी ६ जनालाई मुख्यमन्त्री बनाउने सहमति कांग्रेस भित्र थियो । मन्त्रीको आकांक्षीमा दलका उपनेता रामकृष्ण चित्रकार, तिर्थ लामा, मसिना खड्काहरुले दोहोरिन चाहेका थिए भने सुरेश श्रेष्ठ, रामकुमार पहाडी र गोविन्द लम्साल पनि लाइनमै थिए ।

# हेटौंडा-२ लाई शनिबार बालमैत्री घोषणा गरिदैं

साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका वडा नम्बर २ लाई शनिबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ । बिहिवार पत्रकार सम्मेलन गर्दै वडाअध्यक्ष विष्णुगोपाल महर्जनले १२ गते शनिवार वडालाई बालमैत्री स्थानीय शासन वडा घोषणा गर्ने तयारी रहेको बताए । लामो समयदेखि गरेको मेहनत र तयारी अब फलदायी हुँदैछ । 'शनिबार हामी औपचारिकरुपमा हाम्रो वडालाई बालमैत्री वडाका रुपमा घोषणा गर्दैछौं,' वडाध्यक्ष महर्जनले भने ।

वडाले बालमैत्री स्थानीय शासन घोषणाका लागि उल्लेखनीय प्रगति हासिल गरेका छौं । नेपाल सरकारको मापदण्ड अनुरुप आवश्यक ५१ वटा सूचकमध्ये ४५ वटा सतप्रतिशत, ३ वटा सूचक ९६ प्रतिशत, १ वटा ९५ प्रतिशत र १ वटा ९० प्रतिशत पूरा भएको वडाध्यक्ष महर्जनले बताए । उनका अनुसार वडामा १८ वर्षमुनिका एक हजार ८ सय ११ बालबालिका छन् । जसमध्ये ५२.१३ प्रतिशत् (९४४) बालक र ४७.८७ प्रतिशत (८६७) बालिका रहेका छन् । बालबालिकाको सक्रिय सहभागिताका लागि १९ वटा बालसमूह र १ वटा वडा बालसञ्जाल गठन गरिएको छ, जसमा ४ सय ६० बालबालिका आवद्ध छन् । विभिन्न संरचनागत समितिमा थप २५ जनासहित कुल ४ सय ८५ बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको वडाध्यक्ष महर्जनले बताए ।

वडामा १ सामुदायिक र २ संस्थागत गरी तीन विद्यालयले बालमैत्री विद्यालय घोषणा गरिसकेका छन् । वडामा २ वटा बालविकास केन्द्र समेत सञ्चालनमा छन् । यसले गर्दा सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याएको वडाध्यक्ष महर्जनले भने । वडाले बालबालिकाको स्वास्थ्य र पोषण सुधारका लागि पूर्णस्तनपान प्रवर्द्धन र स्तनपानकक्ष स्थापना गरेको छ । पोषणशिक्षा र ५० सुत्केरी तथा बालबालिकालाई पोषण सामग्री वितरण गरेको वडाध्यक्ष महर्जनले बताए । बालसंरक्षणका लागि वडाले बालबिवाह, बालश्रम र बाल दुर्व्यवहारविरुद्ध सचेतना कार्यक्रमहरु गरेको छ । बालअधिकार समितिको सक्रिय काम भइरहेको र बालश्रममा भेटिएका बालबालिका उद्दार, मनोसामाजिक परामर्श र पारिवारिक पुन:स्थापना गरिएको अध्यक्ष महर्जनले बताए ।

अध्यक्ष महर्जनका अनुसार विद्यालय र समुदायमा लागूपदार्थ दुर्व्यसन र साइबर अपराधसम्बन्धि सचेतना कार्यक्रम, बालमैत्री सम्पर्क व्यक्ति नियुक्ति, जन्मदर्ता अभियान र विद्यालय भर्नामा जन्मदर्ता अनिवार्य जस्ता कार्य गरिएका छन् । वडाअध्यक्ष महर्जनले भने, 'बालबालिकामा लगानी सुनिश्चित भविष्यको थालनी हो । शनिबारको घोषणासँगै हामी बालबालिकाको सर्वांगीण विकासका लागि थप प्रतिवद्ध र जवाफदेही हुनेछौं । हामी निरन्तर सुधार र प्रगतिका लागि प्रयासरत् रहनेछौं ।'

वडा कार्यालयले घोषणा कार्यक्रमको तयारी तीव्र पारेको छ । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, सरकारी अधिकारी, नागरिक समाजका प्रतिनिधि र विशेषगरी बालबालिकाको उपस्थिति रहने जनाइएको छ । यस अवसरमा वडाको बालमैत्री यात्रा, उपलब्धिहरु र भावी योजनाको विस्तृत प्रस्तुति हुने बताइएको छ । वडा २ उपमहानगरको वडा १, वडा ४ र ५ का साथै मकवानपुरगढी गाउँपालिकाको वडा नम्बर ४ सँग सीमाना जोडिएको छ । २ नं. वडा २.३३ वर्गकिमी क्षेत्रफलमा फैलिएको छ । शनिवार नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा वडा घोषणा गरिने जनाइएको छ । पत्रकार सम्मेलनमा वडाध्यक्ष महर्जन सहित वडासदस्य सुरज बर्तौला, प्याव्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदी, वडासचिव रामप्रसाद गुरागाई, नगर बालसहजकर्ता सपना ढुंगानालगायतको आतिथ्यता रहेको थियो ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७०% बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७






साझाकुरा

## हाम्रो कुरा

# दुर्घटनामा सरकारको बिभेदपूर्ण व्यवहार किन ?

काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र भएको सौर्य एअरलाइन्सको विमान दुर्घटनाप्रति बागमती प्रदेश सरकारले दु:ख व्यक्त गरेको छ । प्रदेशको नवगठित मन्त्रिपरिषद्को मुख्यमन्त्री बहादुरसिंह लामाको अध्यक्षतामा बसेको पहिलो बैठकले दुर्घटनामा परेर मृत्यु भएकाप्रति दु:ख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको कृषि तथा पशुपंक्षी मन्त्री प्रकाश श्रेष्ठले जानकारी दिए । बैठकले दुर्घटनामा परेर मृत्यु भएका पीडित परिवारप्रति गहिरो समवेदनमा प्रकट गरेको मन्त्री श्रेष्ठले बताए । बुधबार बिहान ११ बजेर ११ मिनेट जाँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पोखराका लागि उडेको सौर्य एयर लाइन्सको जहाज दुर्घटना हुँदा १८ जनाको मृत्यु भएको थियो । ठीक त्यही समयमा बागमती प्रदेश सरकारले सपथग्रहण गरिरहेको थियो । १९ जना सवार जहाजमा पाइलट मनिष शाक्य एक जना गंभीर घाइते भएको छन् । उनको सिनामंगलस्थित केएमसी शिक्षण अस्पतालमा उपचार भइरहेको छ ।

यसैगरी, बैठकले केही हप्ताअघि चितवनको सिमलतालमा पहिरोमा परेर त्रिशुली नदीमा पुरिएर मृत्यु भएकाहरुप्रति पनि श्रद्धाञ्जली व्यक्त गर्दै पीडित परिवारप्रति गहिरो समवेदनमा प्रकट गरेको छ । पहिरोमा पुरिएर दुईवटा बस र बसमा सवार यात्रुहरु बेपत्ता भएका थिए । बस त्रिशुलीमा बेपत्ता भएको घटनामा उद्दार कार्यमा सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाली सेनाले अहोरात्र खटेर खोज तथा उद्दारकार्य गरिरहेका छन् । तर, भारतबाट आएको उद्दारटोलीलाई भने नेपाल सरकारले र नेपाली मिडियाले बढी नै चासो देखायो । बिमान दुर्घटनामा प्रधानमन्त्री केपी शर्मा ओली आफैं दुर्घटनास्थल पुगेको थिए । घाइते पाइलटको अवस्था बुझ्न अस्पताल पुगेका प्रम ओलीलाई पनि त्रिशुलीमा बस खोजी भइरहेको स्थानमा आउने समय मिलेन । तर, त्रिशुलीमा बस बेपत्ता भएको स्थानमा तत्कालीन गृहमन्त्री रबि लामिछाने पनि मन्त्रीपद खुस्केपछि मात्र आइपुगेका थिए भने प्रधानमन्त्रीको त कुरै नगरौं । बस दुर्घटनामा ६० जना भन्दा बढी बेपत्ता हुँदा राज्यलाई पीर परेन र देशको झण्डा झुकाउने निर्णय भएन । तर, बिमान दुर्घटना हुनेबित्तिकै भोलिपल्टै राज्यलाई शोक पर्‍यो र देशको झण्डा झुकाउने निर्णय गर्‍यो । बसमा यात्रा गर्ने नागरिक सर्वसाधारण थिए र राज्यको गणनामा परेन वा बस दुर्घटना भनेको सामान्य भयो । राज्यले सबै नागरिकलाई समान ब्यवहार गर्नु जरुरी छ । असमान ब्यवहारका कारण सर्वसाधारणमा बर्तमान ब्यवस्थाप्रति नै नैराश्यता बढ्दै गएको छ । नागरिकको मृत्युको विषयलाई ख्यालख्यालको रुपमा लिनु भनेको सरकारको असफलताको संकेत हो ।

बिमान दुर्घटनामा हाइ प्रोफाइलका मानिस परेका कारण राज्यले आधा झण्डा झुकाउने निर्णय भयो । सर्वसाधारण नागरिकको मृत्युलाई सरकारले ख्यालख्याल जस्तै गरेको अनुभूति भएको छ । त्रिशुलीमा बस बेपत्ता हुनेबित्तिकै बागमती प्रदेश सरकारले उद्दार सामग्री किनेर पठायो तर, त्यसको सुईंकोसम्म पाउन सकेनन् प्रदेश राजधानीका संचारकर्मीले । त्रिशुलीमा उद्दारका लागि आवश्यक पर्ने बोट, लाइफ ज्याकेटलगायतका सामग्री बागमती प्रदेश सरकारले खरिद गरेर पठाएको कुरा पत्रकारलाई जानकारी दिइएन वा दिन मनासिब देखिएन ? त्रिशुलीमा बस बेपत्ता हुँदा प्रदेश सरकारले गरेको कामको विषयमा जानकारी नदिनुको पछाडिको रहस्य के छ भन्ने विषयमा खोजी गर्ने कि नगर्ने ? सरकारले आफ्ना नागरिकलाई जुनसुकै हैसियतको भएपनि समान ब्यवहार गर्न किन नसकेको ? यतिबेला सामाजिक संजालमा बिमान दुर्घटना र बस दुर्घटनामा सरकारले देखाएको ब्यवहारको कडा आलोचना भइरहेको छ । सर्वसाधारण नागरिकप्रतिको राज्यको संबेदनहिनता र हाईप्रोफाईलका नागरिकप्रतिको समबेदनालाई के भनेर बुझ्ने ?

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन १२ गते शनिबार २७ जुलाई २०२४ । सप्तमी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:२५, सूर्यास्त ६:५४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विद्यार्थीका लागि लाभदायक | **तुला** | : दिन राम्रोसँग बित्नेछ |
| **वृष** | : सम्मानित काम हुनेछ | **वृश्चिक** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **मिथुन** | : धार्मिक काममा रुचि बढ्नेछ | **धनु** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **कर्कट** | : काममा एकरुपता आउनेछ | **मकर** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **सिंह** | : यात्राबाट लाभ हुनेछ | **कुम्भ** | : काममा प्रगति हुनेछ |
| **कन्या** | : धनको समस्या पार लाग्नेछ | **मीन** | : व्यापारमा लाभ हुनेछ |

# अस्थिर राजनीति : विश्वासको संकट



अच्युतप्रसाद पौडेल "चिन्तन"

देशमा राजनीतिक अस्थिरता छ । अस्थिर राजनीतिले स्थिर सरकार भनिएको निजामती संयन्त्र पनि अस्थिर नै बनाएको छ। विश्वभरिमा अरु नाम कमाउन नसके पनि गरिबी, विप्रेषण र अस्थिर राजनीतिको नामले प्रसिद्ध छ नेपाल । भर्खरै फ्रान्सबाट निस्केको एक पत्रिकाले पनि नेपाल अस्थिर राजनीतिमा विश्व च्याम्पियन बन्न सफल भएको चर्चा गरेको छ भने देशभित्र त अस्थिर राजनीति, देश असफलता भनेको आजभन्दा साढे ६ दशकअघि नै हो ।

लोकतन्त्रको पछिल्लो अभ्यास निवर्तमान प्रधानमन्त्रीले डेढ महिनामा पाँचपल्ट विश्वासको मत मागे । पटक-पटक विश्वासको मत माग्नु भनेको चरम अस्थिरताको नमुना हो । यहाँ राजनीतिक पद ४ महिनाका लागि नियुक्त हुन्छन् । राजनीतिमा नयाँ अनुहार देखाएका र 'नो नट् एगेन' भन्नेहरु पनि गृहजस्तो मन्त्रालय केवल एक महिना मात्र र फेरि आउँदा ४ महिना मात्र मन्त्रालय सम्हाल्न पाउँछन्, चार महिने महान्यायाधिवक्ता फेरि फर्केका छन् । नयाँ दलमा पनि आन्तरिक द्वन्द्व छ, राजनीतिक संयन्त्रमा मात्रै यहाँ पीआर छैन, प्रशासनका उच्च पदस्थ पनि पीआर छन् । यसले स्पष्ट पार्छ देश भनेको ट्रान्जिट मात्रै हो, देशबाहिरै गुन्जायस बढी छ । पढेका, नपढेका धेरै विदेशप्रिय छन् भने देश हाँक्नेलाई पहिले ८ पासे भन्थे, अहिले प्रवेशिका भन्न लागिएको छ र जसले देशको कुवेरको ढुकुटी लिएको छ, उसको शैक्षिक योग्यता एसएलसी भनिदै छ । देशले गन्तव्य नै लिन सकेको छैन र नारायणीमा हराएको बसभन्दा हाम्रो लोकतन्त्र फरक छैन ।

देशको अर्थतन्त्र उकालो होइन ओरालो लागेको छ र पछिल्लो त्रैमासिकको आर्थिक वृद्धि दरले सोको पर्याप्त पुष्टि गरेको छ, लक्ष्यभन्दा आधा पनि प्रगति नआउनु हाम्रो लोकतन्त्रको विशेषता हो । अझ रोजगारीको क्षेत्रमा त ८ लाख बेरोजगार सूचीकृत हुँदा न्यूनतम ८० दिनको त्यो पनि ५० हजार जतिले रोजगारी पाउनु लोकतन्त्रको स्थायी धर्म भएको छ । धर्म नीति, आचरण, सिद्धान्त, विधिको शासनलाई सुशासन भनियो, हालका प्रधानमन्त्रीले अघिल्लोपल्ट शपथ लिँदा राष्ट्रप्रमुखले पढाएको शब्दमा त्यो पर्दैन भने, यसपालि ईश्वर शब्द नै खाइदिए । हाम्रो लोकतन्त्रले अभिभावक गुमाइसकेको छ । त्यसैले शीतल निवासको तयारी मस्यौदालाई कार्यान्वयन गर्दैन, बरु मध्यरातमा त्यहाँको ढोका ढकढक गर्दै लोतन्त्रको उच्च संस्थालाई कोमातिर धकेल्न अग्रसर हुन्छ । यसपल्ट त संसद् कोमामा नहाल्ने है भनेर श्रीदेउवा र श्रीओलीको गोप्य सहमति भएको बुझिन्छ तर दहीच्यूरा खाँदै के-के सहमति भएको थियो, सबै बाहिर आएको छैन । सूचनाको हक आम नागरिकलाई दिनु नपर्ने लोकतन्त्रले सुशासनको कानुन ल्याएको धेरै भइसक्यो तर देशमा ठूला भ्रष्टाचारका काण्डहरुको स्रोत पत्ता लाग्ने भएपछि लोकतन्त्र थरर काँप्दै कि बालकोट पुग्छ बा बूढानीलकण्ठ अथबा मौका पारी च्याँखे दाउ हान्न खुमल्टार पनि पुग्छ । विदेशीहरु भने नेपाललाई आफ्नो फूलबारी भएको हेर्न चाहन्छन्, शपथ लिन नपाउँदै वा बहाली गर्दा पहिलो फाइल दस्तखतमै पुगिसक्छन्, सहयात्रा गर्न तयार छौं भन्छन् । विदेशीहरुले यति राम्रो पत्याएको राजनीतिक प्रणालीलाई हामीले नराम्रो भन्नु भएन र त यहाँ कराएर बस्नुभन्दा खाडीतिरै गएर भेडा चराउनु बढी ठीक भन्दै, भएको सम्पत्ति बेचबिखन गरी अधिकांश नेपालीहरु विदेश भासिएका छन् र जनसंख्याको वृद्धि दर न्यून होइन माइनसतिर जान लागेको देखिन्छ ।

एउटा टिमले बजेट बनायो, अर्को टिम आयो खर्च गर्न र अब खर्च निकासा दिने अर्थ मन्त्रालयले बजेट निर्देशिका ७३ बुँदे जारी गरिसकेको छ कि निर्माण व्यवसायीको दबाबमा कोलेनिकाबाट बाँकी भुक्तानीको दरपीठ भएकोमा जुनसुकै त्रैमासिकबाट भुक्तानी हुने भनिएको छ । सरकारी भुक्तानी बाँकी रकम जसरी पनि पेमेन्ट गर्नै पर्छ, अहिले निर्देशिका जारी गरेर ठेकेदार हरुलाई थुम्थुम्याइएको छ । बजेट कार्यान्वयन मार्गदर्शनमा राष्ट्रिय गौरवका आयोजनाको काम २ सिफ्टमा सञ्चालन गर्ने, फजुल खर्च नियन्त्रण गर्ने, सवारीसाधन किन्दा अर्थको अनिवार्य सहमति लिनुपर्ने, गोष्ठी-सेमिनार आदि गर्दा सरकारी हल प्रयोग गर्नुपर्ने, पानी, बत्तीको खर्च नियन्त्रण, घरभाडा, इन्धन, मर्मत खर्चमा कटौती, ओभर टाइम भत्ता, कुनै प्रोत्साहन भत्ता दिन नमिल्नेजस्ता विविध निर्देशन जारी भएको छ । तर संसद्का कर्मचारीले ओभरटाइम भत्ता पाउने भन्दै आन्दोलनमा सहमति जनाएको खबर छ । यस्तो निर्देशिकाको अभ्यास देशमा लोकतन्त्र नआउँदै गरिएको हो । लोकतन्त्र र गणतन्त्र आएपछि सिद्धान्त र व्यवहारमा आकाश-पातालको दूरी देखिएको छ । जुन कुराको पुष्टि महालेखाको पछिल्ला ५ वर्षका प्रतिवेदनहरुले गर्छन् ।

देशमा पानीजहाज चलाउने, घरघरमा ग्यास पाइपलाइन दिने, मोनो र मेट्रो अनि पूर्व-पश्चिम रेलमार्ग, दमक मात्रै होइन देशैभरि भ्यूटावरको विकास चाहनेले फेरि सत्ता लिएका छन् । त्यसो त खुमल्टारलाई अघि बढाउने पनि यिनै थिए, अस्तिको असारसम्म । खाल्डोमा परेको चितवनको बस निकाल्न नसक्ने हाम्रो संयन्त्र छ देशमा, चितवन नारायणगढ-बुटवल सडकको स्तरोन्नति गरिसक्ने म्याद दुईपल्ट थप्दा यही साउन ८ गते म्याद सकिँदा कामको प्रगति ५२ प्रतिशत छ । मुग्लिन-पोखराको सडक विस्तारको काम अवधि सकिन २ महिना बाँकी हुँदा भौतिक प्रगति ४७ प्रतिशत र वित्तीय प्रगति ४५ प्रतिशत भनौं आधाभन्दा कम छ । चितवनका जनताले रेलमार्गको नापनक्सा गर्न आएको शंका गर्दै प्राविधिक टोलीको गाडी नै जलाइदिएका छन् । यसो भनौं देशमा नेतृत्वप्रति आमजनता निराश छन् र सकेको आक्रोश तिनले पोख्ने गरेका छन् । भैरहवा र पोखराका विमानस्थलहरुमा मुसा कुद्ने र बनेका भ्यूटावर चढ्ने मानिसको अभाव भएको छ।

जसरी उद्घाटनको ३ वर्षसम्म धरहरा सञ्चालनमा छैन, भ्यूटावर पनि सञ्चालनमा छैन । तीभन्दा अग्ला पहाडहरु डोजरे विकासले पग्लन थालेका छन् । पंक्ति तयार गरिरहँदा मन्सुनको प्रभावले आम नेपालीको आँखामा आँसुको भेल बगिरहेको छ। यो भेल कतै सिंहदरबार वा शीतलनिवास, बालुवाटार पुग्ने अवस्था छैन । किनकि सिंहदरबार अब गाउँतिर बसाइँ सरेको छ, सिंहको नंग्रा लिई कर र महँगीको तरबार लिएर पसेको सिंहदरबारले स्थानीय तहलाई देश दोहनको जिम्मा दिएको छ । मेयर, उपमेयरको जोडी नै अख्तियारको मुद्दा खेप्नतिर व्यस्त छन् र २ खर्ब बढीको बेरुजु त्यहीं छ। कर्णालीको उत्थान देशको अभियान भन्यो लोकतन्त्रले ।

डोल्पा, हुम्ला, मुगुसम्मको देश दोहन कम भएन । जुम्लालाई प्रांगारिक उत्पादनको केन्द्र बनाएको लोकतन्त्रमा पंक्ति तयार गरिरहँदा त्यहीं विषादी प्रयोगबाट १ वर्षमा १३ जनाको मृत्यु भएको खबर आएको छ । देशको पैसाले लगानी गर्न पुगेन, विदेशी लगानी गुहार्नुपर्‍यो भन्दै गर्दा पछिल्लो समय स्वदेशी पैसा पौने आठ खर्ब बैंकहरुमा आइडल बसेको छ । बैंकहरुले निक्षेप ब्याजदर हदैसम्म घटाएका छन् । ब्याजदर तीव्र कम हुँदा बचतकर्ताहरु थप निराशमा छन् भने यति सस्तो ब्याज हुँदा पनि लगानीमा इच्छुक नबनाउने तर राजनीतिक सिन्दुर भिराएर बिचौलिया र व्यापारी बढाउने लोकतन्त्र सञ्चालन गरिरहेका छौं हामीले । वीरगन्ज चिनी कारखाना झगडियाहरुको बासस्थान भएको छ भने अन्य औद्योगिक क्षेत्रहरु दलको पाटीप्यालेस बनेका छन् ।

विनालगानीका राजनीतिक उद्योग फस्टाउने र उत्पादनमुखी उद्योग धराशायी बनाई विदेशी ऋण अनि व्यापारघाटाले शिखरत्व प्राप्त गराउने गणतन्त्र, संघीयता र लोकतन्त्रलाई हामीले पूजा गरेर राखेका छौं । लगानी सम्मेलन भनी चिच्याइरहँदा गएको आर्थिक वर्षमा विदेशी लगानी प्रतिबद्धता ६२ अर्ब हुँदा भित्रिएको रकम १५ प्रतिशत पुगेन । भनौं, प्रगति ५ अर्ब ९६ करोडको छ, उद्योग विभागको तथ्यांकमा । राजनीतिक उद्यम फस्टाउन दलहरुले नदीकिनारालाई भोट बैंक क्षेत्र बनाए। देशैभरिका आएर नदीका आसपास बस्न थाले । बालेनको डोजरमथि खुकुरी चम्काउने हुकुम्बासीहरु उठाउन अब अदालतको आदेश र यसको फैसलाको पूर्ण अंश आएको छ । फैसलाले भनेको छ, वास्तविक सुकुम्बासीलाई अन्यत्र व्यवस्थापन गर्नू नदीकिनारामा नराख्नू । बस्, अब दलहरु पनि सेफ ल्यान्डिङ भएका छन् । अब उनीहरु भन्छन्, हामीले त सकेसम्म सहयोग गरेकै हौं, अदालतले नमानेपछि के गर्ने ? उता अदालतको आदेशपछि सवि भन्दै जतातत कुर्लिएको सिंहदर बार नयाँ सडकमा बालेनको डोजर चल्दा ब्याक भएको छ, एक महिनाको प्रेडिक्सन गर्न नसक्ने सिंहदरबारले दिगो देश विकास गर्ने लोकतन्त्रको जिम्मा लिएको छ भन्दा कसरी पत्याउने ?

राजनीतिले देशको निजामती र तमाम राष्ट्रसेवकहरुलाई दलको खेताला बनायो । समावेशी भनिएर सत्ता लिएको लोकतन्त्रले पहिले बनेको सरकारमा पनि दलितको प्रतिनिधित्व गराएन । अहिले पनि छैन, बरु उच्च र सम्भ्रान्त वर्गमा पर्ने महिला नै समावेशी कोटामा पुगेकी छिन् भाउजू । संघीयताको यति लामो समयसम्म संघीय निजामती सेवा ऐन ल्याइएको छैन । विधेयकहरु पेस गर्दै, फिर्ता गर्दै गरिएको छ । पछिल्लोपल्ट प्रेषित यो विधेयक पनि धेरै विवादास्पद भनिदै छ। ट्रेड युनियनको अधिकार कटौती गर्न नसकेको तर स्थानीय र प्रदेश अलग कानुनले सञ्चालन हुने भन्दै बढी झगडाको स्रोत बनाउन खोजेको देखिन्छ ।

उमेरलाई ३२ र ३७ को प्रवेश हद अनि निस्कने हद ६० त्यो मूल विषय नै होइन, मूल विषय त राजनीति र प्रशासनको दूरीको सीमा हो, जुन सीमा नहुँदा मुख्य सचिव, गृह सचिव मात्रै होइन नेतृत्व दिने खालका अरु ओहदावालहरु पनि तनावमा छन् अहिले। अहिलेको संयन्त्र त्यस्तो छ, राजनीतिले भनेका कुरा प्रशासनलै मान्नै पर्ने बाध्यता छ, नत्र सिट नै सुरक्षित हुन्न । पछिल्लो निजामती विधेयकको मस्यौदामा स्थानीय तहका कर्मचारीको सुपरिवेक्षण गर्दा त्यहाँका पालिका प्रमुख वा अध्यक्षको कार्यसम्पादन टिप्पणीसमेत आधार मान्ने भनिएको छ, जसले स्पष्ट गर्छ, केन्द्रदेखि तलसम्मका कर्मचारी भनेका राजनीतिका खेताला हुन् र तिनले राजनीतिको झोला भिर्नै पर्छ ।

समग्रमा भन्नुपर्दा यहाँ विश्वासको संकट चुलिएको छ । घरपरिवारमै पनि अविश्वास जनाउने सामाजिक संयन्त्र तयार गरि दिने पछिल्लो लोकतन्त्र र संघीयताले देशका हरेक कुनाकाप्चामा समेत विश्वासको संकटलाई चुल्याएको छ । प्रधानमन्त्री त संसदितर जान्छन् विश्वासको मत माग्न, आम नागरिक र सेवाग्राहीहरु कहाँ जाने हो त अब ।

*(साभार: नेपाल समाचार-पत्र)*

# भ्रष्टाचार र बेथितिमा जेलिएको गठबन्धनले सुशासन दिन सक्ला ?

सुदर्शन आचार्य

प्रजातन्त्र पुन:स्थापना यताका 'भ्रष्टाचार' छानबिन बारे प्रमुख दलहरू पटकपटक एकै ठाउँमा उभिँदै भन्छन् - 'जुनसुकै कालखण्डमा भएका भ्रष्टाचार छानबिन गरी दोषीलाई कारबाही गर्न हामी संकल्परत छौं ।' सत्तारुढ घटकमध्येको ठूलो दल नेपाली कांग्रेसले त २०४७ यता सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति छानबिन गर्न 'जाँचबुझ आयोग' को माग गरी संसद्मा सार्वजनिक महत्त्वको प्रस्ताव नै दर्ता गराएको थियो ।

विगतमा यस्ता विषयहरू संसद्बाहिर राजनीतिक 'स्टन्ट'का निम्ति उठाउने गरिन्थ्यो । यसपालि कांग्रेसका नेतात्रय धनराज गुरुङ, जीवन परियार र बद्री पाण्डेले 'सार्वजनिक महत्त्वको प्रस्ताव' दर्ता गराएकाले भ्रष्टाचार छानबिनले प्राथमिकता पाउने आशा पलाएको हो । उता कांग्रेसको दलगत धारणा भने जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम 'जाँचबुझ आयोग गठन' गरी सार्वजनिक पद धारण गरेको व्यक्तिको सम्पत्ति जाँचबुझ गर्नुपर्छ भन्ने देखिन्छ । यसअतिरिक्त २०५८ फागुनमा तत्कालीन न्यायाधीश भैरवप्रसाद लम्सालको अध्यक्षतामा गठित 'सम्पत्ति न्यायिक जाँचबुझ आयोग' को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने माग पनि कांग्रेसको छ । पछिल्ला वर्षहरूमा नेपालमा भ्रष्टाचारको दायरा फराकिलो बन्दै गएको छ । यतिखेर सहकारीको रकम ठगीदेखि आफ्नो लेटरहेड दुरुपयोग गरी मानव तस्करीका धन्दाको प्रयास बाहिर आइरहँदा जनमानसमा कोही अछुतो नरहेको सन्देश प्रवाहित भएको छ ।

फलस्वरूप अख्तियार दुरुपयोग अनुसन्धान आयोगदेखि सरकारसामु पहाड भएर उभिएको छ भ्रष्टाचारको सवाल । अख्तियार तथा ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदनले नेपालमा भ्रष्टाचार बढ्दै गएको देखाएको छ भने राजनीतिक दल र नेता तथा कर्मचारी प्रशासनप्रति जनआक्रोश चुलिँदै गएको छ । संसद्मा उपस्थित दलहरूको क्रियाकलाप हेर्दा भने 'भ्रष्टाचार नियन्त्रण' उनीहरूको साझा प्राथमिकता हो वा होइन भन्ने विषयमा अन्योल देखिन्छ । नीतिगतबाहेक भ्रष्टाचारका केही तथ्यगत घटनातिर जाऔं । सर्लाही जिल्लाको 'भरत ताल' बाग्मती नगरपालिकाले निर्माण गरेको मानव निर्मित ताल हो । उक्त ताल बाग्मती नगरपालिकाले निर्माण गरेसँगै पर्यटकहरू झुम्मिए नै । तर, सुन्दर तालभित्रका कुरूप दृश्य अभियोगपत्र मार्फत् अख्तियारले सार्वजनिक गरेको छ । उक्त ताल निर्माण गर्न संघ तथा प्रदेश सरकारले ५६ करोड रुपैयाँ उपलब्ध गराए । दुई मिटर गहिरो निर्माण गर्ने भनी प्रारम्भ गरिएको उक्त ताल नेपाल सरकारको स्वीकृत बेगर नै १७ मिटर गहिरो बनाइयो । त्यहाँबाट ३९ लाख घनमिटर बालुवा निकाली अनधिकृतरूपमा विक्री गरिएको र त्यसमध्ये १३ लाख घनमिटर बालुवाको हिसाब नै 'गायब' पारिएको दाबी अख्यितयारले गरेको छ ।

माछा पोखरी, रिफ्रेस सेन्टर तथा समीक्षालय निर्माणका लागि भन्दै संघ, प्रदेश तथा स्थानीय तहबाट लिइएको ५६ करोडको हिसाब नगरपालिकाले देखाउन नसक्दा उक्त नगर पालिकाका प्रमुख अदालतमा मुद्दा धाइरहेका छन् । माछाको नाम लिइए पनि तालमा एउटै माछाको भुरा छाडिएन । त्यतिमात्र नभई भरत थापाले २०७४ सालमा नगर प्रमुख भएयता सुकम्वासीका नाममा 'सागरनाथ वन' भित्र आफ्ना मानिसको बस्ती नै बसाएको बताइएको छ । अनधिकृत रूपमा जंगलभित्र बस्ती बसाएको विषयमा चुक्दै गएका प्रमुख थापालाई अख्तियारले कारबाही प्रारम्भ गर्नासाथ तल्लोस्तरमा माओवादी पार्टीका स्थानीय कमिटीले अख्तियारविरुद्ध तथा नगर प्रमुख थापाको पक्षमा विज्ञप्ति नै जारी गरेको थियो । दोस्रो उदाहरणमा एअरपोर्ट निर्माणलाई लिऊँ । छिमेकी मुलुक भारतसँग 'हवाई रुट' सम्झैता बेगर नै नेपालले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण ग र्‍यो । तर अझै पनि नेपालले 'हवाई रुट' प्राप्त गर्नसकेको छैन । नेपालले हवाई रुटको विषय पहिले नै टुंग्याउन सक्नुपर्थ्यो । नेपाल त्यहाँनेर चुक्न पुग्यो । उता अर्बौं ऋणको भार बोकेर पोखरामा बनाइएको अन्तर्राष्ट्रिय विमानस्थलको विषय एकातिर समस्याग्रस्त छ भने अर्कातिर आर्थिक अनियमिततासमेतको छानबिन पनि भइरहेको छ । यी भए चालु विमानस्थलका विषय ।

डोल्पामा दुई वटा विमानस्थल गौचरनमा परिणत भएका छन् । उता इलामको विमानस्थलको अवस्था उस्तै छ । अब धरान र उदयपुरमा विमानस्थल चाहियो भन्दै कुदाकुदम छ । तर, राज्यको अर्बौं खर्चेर निर्माण गरिने विमानस्थलको सम्भाव्यता अध्ययन गरिँदैन । निर्माण सम्पन्न ३२ वटा विमानस्थल घाँसे मैदान बनेर गौचरन हुनपुगेका छन् । यसको जिम्मेवारी कस्ले लिने ?

तेस्रो विषय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको । बोट बिरुवा, मलखाद, नर्सरी, हाइटेक नर्सरी आदिका नाममा करोडौं रुपियाँ भ्रष्टाचार भएका घटना बाहिर आएका छन् । परियोजनाका लागि मोबाइल भ्यान खरिदका नाममा साढे १२ करोड रुपियाँ भ्रष्टाचार भएको दाबी गर्दै अख्तियारले केही वर्षअघि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक सञ्जीवकुमार कर्णविरुद्ध ६६ करोडभन्दा माथि अनियमितता गरेको आरोपमा मुद्दा दायर गरेको थियो । 'प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना' मा त्यसयता पनि भ्रष्टाचारका शृंखला रोकिएको छैन । कार्यकर्ता पाल्ने, आर्थिक अपारदर्शी तथा खरिद उपकरणको उपादेयतामा नै प्रश्न उठ्ने गरी काम गरेका कारण उक्त परियोजना नेपालमा मुख्य भ्रष्टाचार हुने परियोजनामा पर्न पुगेको छ ।

चौथो विषय छ - प्याक्टको । व्यावसायिक कृषि तथा व्यापार आयोजना 'प्याक्ट' विश्व बैंकको अनुदानबाट सञ्चालित परियोजना हो । उक्त परियोजनाबाट वास्तविक कृषकले लाभ उठाउनसकेका छैनन् । फर्जी कृषि परि योजना निर्माण गरी पाँचतारे होटलमा योजना पास गरेर अनुदान उपलब्ध गराइन्छ भन्ने उदाहरण खोज्न उक्त आयोजनाका तत्कालीन निर्देशक योगेन्द्रकुमार कार्कीकै उदाहरण काफी छ । विश्व बैंकको सहयोगमा सञ्चालित उक्त परियोजनाबारे विश्व बैंकसमेतको रिपोर्टले भ्रष्टाचार भएको देखाएको छ । विश्व बैंकले आर्थिक अनियमितताको विषय उठाउँदै नेपालको अर्थ मन्त्रालयलाई पत्राचार गरेसँगै १२ वर्षको अवधिमा १६ अर्ब घोटाला भएको विषय सार्वजनिक भएको हो ।

परियोजनाको निरीक्षण गरेर प्रारम्भमा ऋण लगानी गरी अनुगमनपश्चात् लगानीको प्रतिफलको सुनिश्चितताका आधारमा उक्त ऋणलाई अनुदानमा रूपान्तरण गरिनु वैज्ञानिक हुन्थ्यो । तर, जाली कागजात तथा नक्कली कृषि फार्मका नाममा 'प्याक्ट' ले गर्दैआएको लगानीको बाटो नै 'भ्रष्टाचारमैत्री' देखिन्छ । लक्षित समूहको 'प्याक्ट'सम्म पहुँच नै नहुने र पहुँचका आधारमा अनुदान लिनेको कृषि फार्म नै नहुने 'दोहोरो विसङ्गति' हटाउन सकेमात्र लक्षित कृषकसम्म अनुदान पुग्न सक्छ ।

पाचौं विषय हो - दुग्ध विकास संस्थानको । कृषकले अर्बौं रुपैयाँ दूधको भुक्तानी पाएका छैनन् तर भुक्तानीसमेत रोक्दै आएको दुग्ध विकास संस्थान (डीडीसी) भने विघटन उन्मुख छ ! यसभन्दा भद्दा मजाक अरु के होला ? ऋण दायित्व दुई अर्ब ५५ करोड रुपैयाँ भएको डीडीसीले कृषकलाई दूधको भुक्तानी नै १ अर्ब ५५ करोड दिन बाँकी देखिन्छ । दैनिक ९९ लाख आम्दानी देखाएको डिडिसीले आफ्नो खर्च नै दैनिक १ करोड २९ लाख देखाएको छ । विघटनको संघारमा पुगेको डिडिसीको पछिल्लो वर्षहरूको 'कागजात' तत्कालै अख्तियारले नियन्त्रणमा लिएर अनियमितताका पर्खाल भत्काउन सकेन भने कृषक त मारमा पर्छन् नै भ्रष्टहरूले समेत उन्मुक्ति पाउनेछन् ।

छैटौं सन्दर्भ हो टीकापुर नगरपालिका -१ स्थित निर्माण भएको घन्टाघरको विषय । करिब ४ करोडको लागतमा सघन सहरी विकास कार्यक्रमअन्तर्गत 'सहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कैलाली' ले २०७५ फागुन २६ मा निर्माण सम्झौता गरी ७८ असोज ३० मा घन्टाघर निर्माण सम्पन्न भयो । उक्त घन्टाघर सञ्चालनार्थ टीकापुर नगरपालिकाको १३ रौं नगरसभाबाट पारित गरी 'घन्टाघर संचालन तथा ब्यवस्थापन' कार्य ३ वर्षका लागि ठेक्का लगाउने भन्दै नगर कार्यपालिकाले टेन्डर आह्वान ग र्‍यो ।

उक्त घन्टाघर संचालन तथा घन्टाघर भवनमा रहेको सटर परिसरसँगै मासिक भाडामा लगाउन ४ करोड लागतको उक्त घन्टाघर तथा परिसर जम्माजम्मी २० हजारमा टेन्डर पर्‍यो । नगरपालिकाले १५-१५ दिनको समयावधि राखी २०८०को साउन २४, भदौ ११ र ८१को जेठ ८ मा गरी ३ पटक आह्वान गर्दासमेत कसैले टेन्डर हालेन । यसले उक्त घन्टाघर र परिसर मासिक २० हजार भाडामा लगाउन पनि उपयुक्त नभएको सिद्ध हुन्छ । अर्थात्, राष्ट्रिय सम्पत्तिको दुरुपयोग भएको देखाउँछ ।

यी त प्रतिनिधिमूलक उदाहरणमात्र हुन् । यो देशमा निर्मित सयौं यस्ता भ्युटावर, घन्टाघरलगायतका संरचना एकातिर प्रयोगविहीन छन् भने अर्कातिर राष्ट्रिय सम्पत्तिको चरम दुरुपयोग गरिएको छ । कर्मचारीहरू लाभका हिसाबले मनग्गे कमाउने अड्डामा जान चाहने, हैसियतभन्दा माथि अकुत कमाउने तर भ्रष्टाचारको मुद्दा लाग्यो भने 'अब कुनै पनि फाइलमा हस्ताक्षर गरिन्न' भन्ने जस्ता घुर्की लगाउँछन् । ट्रेड युनियनका नाममा संगठन खोल्ने तर कर्मचारीको हक अधिकारको विषय उठानभन्दा पनि प्रधानमन्त्री, मन्त्री, मुख्यसचिव तथा विभागीय प्रमुखलाई धम्क्याएर 'कमाउ अड्डा' मै रहिरहने प्रवृत्ति मौलाएको छ । कानुनले अख्तियारी दिएको विषयमा हस्ताक्षर गर्दा अख्तियारसँग डराउनुपर्ने नहुनुपर्ने हो । उच्च कर्मचारी नेतृत्व बिचौलियासँग प्रभावित भएर राजनीतिक तहसमेत संलग्न हुँदा 'बैकुण्ठ अर्याल' को नियति भोग्नुपर्छ । नयाँ नयाँ परयोजनाका नाममा 'अध्ययन' बेगर परियोजना पास गरी सरकार र कर्मचारी संयन्त्रले कमिसन एजेन्ट तथा बिचौलियाकै 'डिजाइन'मा काम गर्दा बेथिति बाक्लिएका हुन् । *(साभार: बाह्रखरी)*

### संसदीय समितिमा बहस:

# १२ पास गर्नासाथ विदेश पढ्न जान दिने कि नदिने ?

काठमाडौं/सरकारी तथ्यांक अनुसार हरेक वर्ष एक लाख भन्दा बढी नेपाली विद्यार्थी अध्ययनका लागि विदेशिने गरेका छन् । यसरी विदेश जानेहरुमा ठूलो संख्या कक्षा १२ पास गरेकाहरु छन् ।

विदेश जाने विद्यार्थीको संख्या बढेपछि गत फागुनमा सरकारले वैदेशिक अध्ययन स्वीकृति सम्बन्धी निर्देशिका २०७९ ल्यायो । जसमा उच्च शिक्षा (स्नातक तह वा सोभन्दा माथिको शिक्षा) का लागि वैदेशिक अध्ययन स्वीकृति पत्र अर्थात नो अब्जेक्सन लेटर (एनओसी) लिनुपर्ने उल्लेख थियो ।

यो निर्देशिकाले १२ कक्षा पास गरेकाहरुलाई एनओसी नदिने देखिएपछि चर्को बहस भयो । तर शिक्षा मन्त्रालयले १२ कक्षा पास गरेका विद्यार्थीहरुलाई पनि एनओसी दिने गरी निर्देशिका सार्वजनिक गरेपछि त्यो विवाद अन्त्य भयो ।

बिहीबार प्रतिनिधि सभाको कानुन न्याय तथा मानव अधिकार समितिमा कक्षा १२ पास गरेपछि अध्ययनका लागि विदेश जान दिने कि नदिने भनेर बहस भएको छ ।



लामो समयसम्म कक्षा १० लाई माध्यमिक शिक्षा भनिएको थियो । तर २०७२ को संविधानले कक्षा १२ सम्मलाई नै माध्यमिक शिक्षाका रुपमा व्याख्या गऱ्यो । संविधान अनुसार छात्रवृत्ति ऐन २०२१ लाई आनुशंगिक मिलाउन सरकारले केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक ल्याएको छ ।

विधेयकमाथि छलफलका क्रममा सांसदहरुले कुन तहसम्म पढेपछि विदेश पठाउनु उचित हुन्छ भन्ने बहस गरेका हुन् । सांसदहरुले स्नातक नगरी विदेश पढ्न जान रोक्नुपर्ने प्रस्ताव गरे । केही सांसदले कक्षा १२ होइन, माध्यमिक शिक्षा परीक्षा (एसईई) पछि नै विदेश पढ्न जान दिनुपर्ने मत राखे ।

एमाले सांसद नैनकला थापाले संविधानले कक्षा १२ सम्म अनिवार्य र नि:शुल्क शिक्षा भनेको उल्लेख गर्दै यसपछि पनि स्नातक तहसम्म नेपालमै पढाउनुपर्ने बताइन् । 'कक्षा १२ सम्म राज्यको दायित्व हो । यो दायित्व कति पूरा भएको छ वा छैन हेरौं', उनले भनिन्, 'तर अब कक्षा १२ पास गर्नेबित्तिकै विदेश पढ्न जान पाउने व्यवस्था रोकौं र कम्तीमा स्नातक पास भएको हुनुपर्ने भनौं ।'

कक्षा १२ पास गर्ने बित्तिकै विदेश पढ्न जाने फेसन जस्तो भएको उनको भनाइ छ । 'कक्षा १२ पास गर्नेबित्तिकै परिपक्व हुँदैनन् । पढ्न भनेर गएपनि विदेशमा काम गर्नुपर्ने हुन्छ । उनीहरुले धेरै दु:ख पाइरहेका छन्', उनले भनिन् ।

जनता समाजवादी पार्टीकी सांसद रञ्जुकुमारी झाले पनि कक्षा १२ पास गर्नेबित्तिकै विदेश जान पाउने नीति पुनरावलोकन गर्न आवश्यक रहेको बताइन् । 'परिपक्क भइसकेको हुँदैन । त्यो बिग्रने उमेर पनि हो । यसमा राज्यले ख्याल गर्दैपर्छ', उनले भनिन् ।

अविभावक विदेशमै रहेको, रोजगारी वा राज्यको जिम्मेवारी लिएर अविभावक विदेश जानुपरेको जस्तो विशेष अवस्थामा मात्रै जान दिनुपर्ने उनको तर्क छ ।

स्नातक पास गरेपछि मात्रै विदेश पढ्न जान पाउने व्यवस्था गरिए उनीहरुले सम्बन्धित देशमा राम्रो काम पाउने र निश्चित समयपछि नेपाल फर्किने अवस्थासमेत बन्नसक्ने उनको विश्वास छ ।

एकीकृत समाजवादीका सांसद शेरबहादुर कुँवरले पनि छात्रवृत्ति पाएका विद्यार्थीहरुलाई मात्र विदेश पढ्न जान दिनुपर्ने बताए । 'छात्रवृत्ति पाउने अवस्थामा नो अब्जेक्सन लेटर दिऔं, बाँकीमा ख्याल गरौं', सांसद कुँवरले भने ।

माओवादी केन्द्रका सांसद रामकुमार राईले पनि विशेष अवस्थामा, छात्रवृत्ति पाएको अवस्थामा राज्यले सहजीकरण गरि दिनुपर्ने अन्यथा विदेश पढ्न जान दिने विषयमा राज्य जिम्मेवार बन्नैपर्ने बताए । शिक्षा नीति परिवर्तनमा जोड दिएका राईले भने, 'उत्पादनमुलक क्षेत्रमा जोडिन प्रोत्साहन गर्ने शिक्षा नीति अवलम्बन गरौं ।' राप्रपा सांसद ध्रुवबहादुर प्रधानले कक्षा १२ पास गरेपछि विदेश पढ्न जानबाट रोक्न नहुने बताए ।

माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्तीले पनि कक्षा १२ पछि विदेश पढ्न जान खोज्छ र परिवारको आर्थिक हैसियतले सक्छ भने राज्यले सहजीकरण गरिदिनुपर्ने बताए । 'स्नातक पास गरेपछि मात्रै भन्यौं भने उच्च धनाढ्यका सन्तानले मात्रै विदेश पढ्न जान सक्ने अवस्था बन्छ', सांसद घर्तीले भने ।

पढ्दै कमाउँदै गर्ने नीति नेपालले समेत अवलम्बन गरेको भन्दै उनले विदेशमा कोही पढ्दै कमाउँछु भनेर जान्छ भने त्यसलाई राज्यले स्वागत नै गर्नुपर्ने बताए ।

कांग्रेस सांसद जीवन परियारले त एसईई पास गरेपछि विदेश पढ्न जान दिनुपर्ने तर्क गरे । ग्लोबल भिलेजको अवधारणा अगाडि बढिरहेको र प्राविधिक शिक्षाको महत्व बढेको भन्दै उनले अगाडि भने, 'कक्षा १० पास गरेपछि नै कोही प्राविधिक पढ्न जान खोज्छ र नो अब्जेक्सन लेटर चाहिन्छ भने दिनुपर्छ ।'

कांग्रेसकी सांसद नागिना यादवले पनि विदेश पढ्न जान्छु भन्ने विद्यार्थीलाई अपरिपक्व भन्न नहुने बताइन् । 'विवाह गर्ने उमेर १८ वर्षमा झारौं भनिरहेका छौं । बिहे गर्ने, बच्चा जन्माउन तयार हुने जति व्यवहारिक के हुन्छ ? त्यसकारण विदेश पढ्न जान रोक्न हुँदैन', सांसद यादवले भनिन् ।

**के भन्छ सरकार ?**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा. दीपक काफ्लेका अनुसार २०७२ सालसम्म कक्षा ११ र १२ लाई उच्च माध्यमिक शिक्षाको मान्यता दिइएको थियो । त्यसबेलासम्म कक्षा १० पास गरेपछि विदेश पढ्न जान सकिन्थ्यो । पछिल्लो पटक फागुनमा छात्रवृत्ति ऐन २०२१ अन्तर्गत निर्देशिका बनाएर कक्षा १२ पास गरेकाहरुलाई मात्र अध्ययनका लागि विदेश जान दिने व्यवस्था गरिएको छ । स्नातक तह पास गरेपछि मात्र अध्ययनका लागि विदेश जान दिनुपर्ने सांसदहरुको मततर्फ संकेत गर्दै शिक्षा सचिव काफ्लेले संविधानले अनिवार्य भनेको माध्यमिक तहसम्म नेपालमै पढ्नुपर्ने बाध्यकारी व्यवस्था देखाउन सकिने बताए ।

साथै नो अब्जेक्सन लेटर लिएर गएका सबै कामै गर्नका लागि गएको भनेर भन्न नहुने बताए । 'सम्बन्धित विश्वविद्यालयले भर्ना लिनका लागि स्वीकृति प्रदान गरिसकेको अवस्थामा नो अब्जेक्सन लेटरको प्रक्रिया अगाडि बढ्छ । यसकारण पढ्नकै लागि जाने हुन्', उनले भने । यसरी गएकाहरुले सम्बन्धित विश्वविद्यालयको निगरानी बेगर काम गर्नु कानुन विपरीत हुने उनले बताए ।

कानुन न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले कक्षा १२ पास गरेपछि विदेश पढ्न जान पाउने वर्तमान व्यवस्था नै उचित हुने राय दिए । विदेश पढ्न जान पाउने तह निर्धारणमा शिक्षासम्बन्धी संघीय ऐन बनाउँदा थप छलफल गर्न सकिने भन्दै उनले छात्रवृत्ति ऐनको संशोधन अगाडि बढाउन आग्रह गरे ।

लामो छलफल र मन्त्रीको प्रस्तावपछि पनि समितिले कुन तह पास गरेपछि मात्र विद्यार्थीहरुलाई विदेशमा अध्ययन गर्न जान दिने भनेर प्रष्ट निर्णय गरेको छैन । सभापति विमला सुवेदीले विधेयकको अर्को दफमाथि छलफल अगाडि बढाइन् । सांसदहरुका अनुसार अब विधेयकलाई अन्तिम रुप दिने बेला यो विषयमा छलफल हुनेछ । तर, बिहीबारको छलफलले कक्षा १२ पास गरेपछि विदेश पढ्ने जान पाउने वर्तमान व्यवस्थाले नै निरन्तरता पाउने संकेत गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# गुटबन्दीको मारमा परेका हुन् सरोज खनाल ?

काठमाडौं/नेपाली फिल्म क्षेत्रमा नातावाद, कृपावाद र गुटबन्दीको विषयमा अक्सर चर्चा भइरहन्छ । यसले गर्दा प्रतिभावान व्यक्तिहरु पछाडि परिरहेको धेरैको विश्लेषण छ । एक समयका सफल अभिनेता एवं निर्देशक सरोज खनालले पनि फिल्म क्षेत्रमा गुटबन्दी मौलाएको महसुस गर्न थालेका छन् । उनको अनुभवमा आजभोलि सीमित कलाकारलाई मात्र लिएर फिल्म बनाउने प्रचलन निकै बढेको छ ।



बुधबार आफू अभिनीत फिल्म 'नम्बरी सुन'को ट्रेलर सार्वजनिक कार्यक्रममा खनालले भने- 'अहिले नेपाली फिल्ममा गुटबन्दी जस्तो पनि छ । सीमित प्रोडक्सन र निर्देशकले सीमित कलाकार मात्र लिने चलन चल्दै आएको छ । त्यसैले आफ्नो भागमा जस्तो-जस्तो पर्छ, त्यसमा न्याय गर्न खोज्ने हो ।' कुनै एउटा समूहको फिल्ममा एउटै कलाकार दोहोरिरहने प्रवृत्तिप्रति उनको असन्तुष्टि देखिन्छ ।

उनी एउटा कुरामा चाहिँ के विश्वास गर्छन् भने समयअनुसार जस्तो रोल आउँछ कलाकारले काम गर्नुपर्छ । 'समय गतिशिल छ भन्ने कुरामा म विश्वास गर्छु । समय सँगसँगै हामी सबै परिवर्तित हुँदै जान्छौं । हाम्रो रंग-रुप पनि परिवर्तन हुन्छ । म पहिला हिरो खेल्थें, अब फेरि हिरो नै खेल्छु भनेर पाउँदिनँ । समयअनुसार मलाई जस्तो 'रोल' अफर हुन्छ, त्यस्तै गर्नुपर्छ,' कार्यक्रममा खनाल सुनिए ।

पछिल्लो समय बुबाको भूमिकामा बढी देखिँदै आएका उनको साउनमा मात्र दुईवटा फिल्म 'नम्बरी सुन' (साउन २५) र 'मोदीबेनी' (साउन १८) एक हप्ताको अन्तरमा रिलिज हुँदैछन् । दुवै फिल्मको ट्रेलर हेर्दा उनी गाउँको सम्भ्रान्त र मुखियाको भूमिकामा रहेको प्रष्ट बुझिन्छ । लुक्स पनि लगभग उस्तै छ । आफ्नो जगजगी रहेको समयमा भने उनले हिरो भएर थुप्रै फिल्ममा काम गरेका छन् ।

# 'छक्का पञ्जा ५'मा आर्यन सिग्देल

काठमाडौं/यो वर्षको 'स्योर सट' सुपरहिट फिल्म हो, 'छक्का पञ्जा ५' । दशैंको फूलपाती अर्थात् असोज २४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको छायांकन पनि पूरा भइसकेको छ । तर, अहिलेसम्म कलाकारमा तीनजनाको मात्र नाम बाहिर आएको छ । दीपकराज गिरी, वर्षा सिवाकोटी र केदार घिमिरेबाहेक अरुको नाम गोप्य नै राखिएको छ । तर, फिल्म क्षेत्रमा कुनै कुरा गोप्य रहन सक्दैन ।




'छक्का पञ्जा ५'मा विशेष भूमिका निभाएका एक अभिनेताको नाम 'संचारकर्मी'लाई प्राप्त भएको छ । तिनी हुन्, आर्यन सिग्देल । फिल्ममा उनको केमियो भूमिका मात्र रहेको निकट स्रोतले जनाएको छ । 'छक्का पञ्जा'मा जस्तै निर्माण टिमले उनको नाम फिल्म प्रदर्शनमा नआउँदासम्म गोप्य राख्न खोजेको थियो । टिमभित्रका कुनै पनि सदस्यलाई यसको खुलासा गर्न अनुमति दिइएको छैन ।

संचारकर्मीले आर्यनको बारेमा सोध्दा फिल्मका निर्माता तथा अभिनेता दीपकराज गिरीले नकार्न सकेनन् । बरु उनले समाचारका लागि रिलिजसम्म कुरिदिन आग्रह गरे । 'छक्का पञ्जा ५'मा ४/५ जना 'स्टार' कलाकारको अभिनय रहेको समेत दीपकले खुलासा गरेका छन् । तर, त्यो फिल्म रिलिजपछि मात्रै थाहा हुने उनले बताए । यसमा 'प्रेमगञ्ज'का अभिनेता तेज गिरीको पनि अभिनय छ ।

फिल्ममा कुनै 'स्टार' कलाकारको विशेष भूमिका छ भने त्यसलाई रिलिजसम्म लुकाउने विश्वव्यापी ट्रेन्ड छ । यो जुक्तिले व्यापारमा समेत ठूलो फाइदा पुग्छ । बलिउडमा 'पठान' यसको उदाहरण हो । 'छक्का पञ्जा' समूहले पनि दर्शकलाई 'सरप्राइज' दिन यो ट्रेन्ड पछ्याउँदै आइरहेको छ । तर, यसपटक सफल हुन सकेन । यद्यपि, अझै केही कलाकारको नाम निर्माण टिमले गोप्य राखेको छ ।

# बोर्डबाट विदा हुँदै भुवनले भने- 'फिल्म क्षेत्रलाई सरकारले के गऱ्यो ?'

काठमाडौं/चलचित्र विकास बोर्डमा २ वर्षे कार्यकाल सकाएर अभिनेता भुवन केसी अध्यक्ष पदबाट विदा भएका छन् । साउन ९ गते (बुधबार) नै उनको कार्यकाल सकिएको हो । बिहीबार बोर्डमा उनको विदाई कार्यक्रम राखिएको थियो । जहाँ भुवनले आफ्नो कार्यकालमा भएका उपलब्धिहरुको बारेमा जानकारी दिँदै सरकारप्रति गुनासो र आक्रोश पनि व्यक्त गरे । फिल्म क्षेत्रलाई सरकारले कुनै योगदान नगरेको उनको गुनासो थियो ।

भुवनले भने, 'नेपाली फिल्म खेल्ने रहरले मलाई चलचित्र विकास बोर्डको अध्यक्षसम्म ल्याइपुऱ्यायो । हामीले अझै धेरै गर्न बाँकी छ । तर, फिल्म क्षेत्र यहाँसम्म आइपुग्नु कम भने छैन । नेपाली फिल्मले धेरै छलाङ मारेको छ । तर, फिल्म क्षेत्रलाई सरकारले के गऱ्यो ? फिल्म क्षेत्र यहाँसम्म आइपुग्नुमा सरकारको योगदान चाहिँ शून्य छ ।' फिल्म क्षेत्रका लागि यो काम गऱ्यौं भनेर नेताहरुलाई भाषण ठोक्न कुनै अधिकार नरहेको समेत उनको भनाई थियो ।

एउटा स्टुडियो समेत सरकारले बनाउन नसकेकोप्रति आक्रोश व्यक्त गर्दै उनले अगाडि भने, 'नेपाली फिल्ममा प्राथमिकतामा राख्नुपर्छ भनेर म बोर्डमा नआउँदा पनि मन्त्रालयलाई सल्लाह-सुझाव दिइरहेको हुन्थें । तर, त्यो सुनिन्छ, कार्यान्वयन हुँदैन । त्यसका लागि बोर्ड जानुपर्ने रैछ, त्यहीँबाट यो सम्भव छ भनेर म आएको थिएँ । तर, यहाँ आएर थाहा भयो कि बोर्डलाई थोरै मात्र अधिकार रहेछ ।'

आफ्नो कार्यकालमा उल्लेखनीय काम हुन नसकेको भन्ने टिका-टिप्पणीप्रति भुवन सकारात्मक सुनिए । आफूप्रति फिल्मकर्मीले ठूलो अपेक्षा राखेकाले त्यस्तो लागेको हुनसक्ने उनको बुझाई छ । यद्यपि, बोर्डमा आएको दिनदेखि नै आफूले फिल्म क्षेत्रको समस्या समाधानका लागि प्रयास गरेको भुवनले जिकिर गरे ।

उनी फिल्म क्षेत्रको सबैभन्दा ठूलो समस्या नै २०२६ सालको ऐनलाई मान्छन् । नयाँ ऐन पारित भए फिल्म क्षेत्रको धेरै समस्या समाधान हुन्छ भन्ने उनलाई लाग्छ । 'नयाँ ऐन पारितका लागि मैले प्रयास गरें । यदि त्यो ऐन पारित भयो भने फिल्म क्षेत्रको लगभग ९० प्रतिशत समस्या समाधान हुन्छ,' उनी भन्छन्, 'तर जति गरे पनि ऐन मन्त्रालयमै गएर रोकिन्छ । मन्त्रीहरु आउनुहुन्छ र हामी गर्छौं भन्नुहुन्छ । अब हामीले गर्ने भनेको त प्रयास मात्र हो । अहिले ऐन सञ्चार मन्त्रालयबाट अर्थमा पुगेको छ । सरकारले चाह्यो भने ऐन तुरुन्तै पास हुन्छ ।'

बोर्डबाट गर्नुपर्ने लगभग सबै काम भएको दावी समेत भुवनले गरे । स्टुडियो बनाउनुपर्ने, नेपाली फिल्मलाई अन्तर्राष्ट्रिय स्तरमा लैजाने, बाहिरका फिल्मलाई छायांकन गर्न नेपाल भित्राउने जस्ता विषय भने योजना बनाएर मन्त्रालयमा बुझाएको उनको भनाई थियो । यद्यपि, केही चीजहरु सोचेको जस्तो हुन नसकेको उनले स्वीकार गरे ।

'म कुनै स्वार्थ लिएर बोर्डमा आएको थिइनँ । काम गर्ने क्रममा केही चीज सोचेको जस्तो सायद हुन सकेन होला । तर, मेरो प्रयास निरन्तर जारी थियो । मेरो एकमात्र उद्देश्य नेपाली फिल्म र फिल्मकर्मीलाई कसरी राम्रो गर्न सकिन्छ भन्नेमै थियो,' उनले भने, 'कति चीज चाहेर पनि सकिएन होला । कति कुरा कार्यविधि र अधिकार क्षेत्रले दिएन होला, जुन चीज मैले यहाँ आएर थाहा पाएँ । अन्जानमा मैले केही गलत वा नराम्रो काम गरेको रहेछु भने क्षमा माग्न चाहन्छु ।' भुवनले आफ्नो कार्यकालको उपलब्धिहरुमा बक्स अफिस प्रणालीको कार्यान्वयन, स्टोरी बैंकमार्फत मौलिक फिल्म निर्माणमा प्रोत्साहन, फिल्मकर्मीहरुको दक्षता अभिवृद्धि कार्यक्रम, बाल फिल्म निर्माण प्रशिक्षण, सम्मान तथा पुरस्कार, घुम्ती सिनेमा आदिलाई मानेका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# महिला एसिया कपको उपलब्धि : ठूला टिमसँग प्रतिस्पर्धाको अनुभव

काठमाडौं/श्रीलंकामा जारी एसीसी वुमन्स एसिया कप २०२४ मा नेपाल समूह ए बाट २ अंकका साथ तेस्रो स्थानमा रहेर बाहिरियो । यूएईलाई ६ विकेटले हराउँदै सानदार सुरुवात गरेको नेपाल पाकिस्तानसँग ९ विकेट र भारतसँग ८२ रनले हार्दै बाहिरियो ।

दुई टेस्ट टोलीविरुद्ध नतिजा भन्दा पनि नेपाल सिकाइबाट खुसी छ । नेपाल पाकिस्तानसँग २० ओभरमा ६ विकेट गुमाउँद १०८ रन बनाएको थियो । उक्त लक्ष्य पाकिस्तानले ११.५ ओभरमा १ विकेट गुमाउँदै पूरा गऱ्यो । भारतले १७९ रनको लक्ष्य दिंदा नेपालले २० ओभरमा ९ विकेट गुमाउँदै ९६ रन बनाएको थियो ।

'यो प्रतियोगिता हामीलाई सिक्ने मौका भयो । भारत र पाकिस्तानको बल कसरी फेस गर्ने र प्यानिक नभइ खेल्ने सिक्यौं, बिहीबार नेपाल फर्किएपछि कप्तान इन्दु बर्माले भनिन् । यो एसिया कपमा नेपालको तेस्रो सहभागीता हो । यसअघि सन् २०१२ नेपाल तीन र २०१६ मा पाँच खेल्दा नेपाल जितविहीन थियो । युएईविरुद्ध नै महिला एसिया कपमा नेपालको पहिलो जित थियो । त्यसैको कारण खेलाडीमा बढी खुसी र उत्साह देखिन्थ्यो ।

'यूएईविरुद्ध हामीलाई जित चाहिएको थियो । पाकिस्तानलाई राम्रो चुनौती दिंदै सेमिफाइनल पुग्ने लक्ष्य थियो । तर त्यो हुन सकेन । हामीले हाम्रो तर्फबाट सक्दो प्रयास गऱ्यौं, इन्दुले भनिन् । त्यसैमा थपिन्, हामीले अझै धेरै मिहिनेत गर्नुपर्ने देखिन्छ । ब्याटिङ, बलिङ, फिटनेसमा धेरै काम गर्नुपर्ने देखिन्छ । एसिया कपबाट धेरै सिकेका छौं', इन्दुले भनिन् । भारत र पाकिस्तानविरुद्ध नेपालको फिल्डिङ राम्रो हुन सकेन । त्यसको एउटा कारण फ्लड लाइटमा खेल्नु थियो । पहिलो पटक फ्लड लाइटमा खेल्न कुनैपनि खेलाडीलाई सहज हुँदैन । तर फ्लडलाइटकै कारण कमजोर फिल्डिङ नभएको इन्दु बताउँछिन् ।

मिहिनेत गरे ठूला टोलीलाई हराउन सकिने आत्मविश्वास यस एसिया कपमा नेपालले प्राप्त गरेको अर्को सकारात्मक पक्ष हो । ठूला टोलीलाई स्तब्ध पार्न फिटनेस, फिल्डिङ र बलिङमा मिहिनेत गर्नुपर्ने उनी बताउँछिन् ।

**वर्षाको चोटमा सम्झनाको मलम**

दुई वर्षअघि एसीसी महिला टी-२० च्याम्पियनसिपमा सेमिफाइनल खेलमा नेपालले यूएईलाई ८१ रनमा अल आउट गरेको थियो । तर वर्षाको कारण पुन खेल सुरु हुन नसकेपछि नेपाल बाहिरिएको थियो । नियम अनुसार यूएई समूह विजेता हुँदा खेल जित्दै फाइनलमा पुग्दै एसिया कपमा पुगेको थियो ।

यूएईलाई यस पटक हराउन ओपनर सम्झना खड्काले ४५ बलमा ११ चौकासहित ७२ रनको अविजित इनिङ खेलिन् । उनको उत्कृष्ट प्रदर्शनमा नेपालले ११६ रनको लक्ष्य १६.१ ओभरमा ४ विकेट गुमाउँदै पूरा गरेको थियो । त्यो हारको पीडामा नेपालले केही मलाम लगायो । खेलपछि नेपाली खेलाडीले डग आउटबाट उत्कृष्ट सेलेब्रेसन गरे । धेरै खेलाडीको आँखामा आँशु थियो ।

'नेपाली महिला क्रिकेटको लागि त्यो क्षण एक्दमै उत्कृष्ट थियो । पाँच वर्षपछि यूएईलाई हराएका थियौ । हामीले दुई वर्षअघि एसिया कप पानीको कारण खेल्न पाएनौं । त्यसैले त्यो क्षण सबैभन्दा महत्वपूर्ण र खास थियो, इन्दुले भनिन् ।


त्यो जित स्मरण गर्दा सम्झना आफैलाई निकै खुसी लाग्छ । उनले अन्तर्राष्ट्रिय करिअरको मात्रै नभएर एसिया कपमा नै नेपालका लागि पहिलो अर्धशतक थियो । 'जस्तो खेल्छु भनेर गएको थिएँ त्यस्तै भयो । यो प्रतियोगिताले मलाई निकै आत्मविश्वास बढाएको छ । 'यूएई, पाकिस्तान, भारत भनेर सोचेको थिइन । ब्याट र बलको कुरा हो । तर पछिल्ला दुई खेलमा सोचे जस्तो भएन, सम्झनाले भनिन् । सम्झना पाकिस्तानसँग ४ र भारतसँग ७ रनमा आउट भएकी थिइन् ।

**नेपालसँग फेरि खेल्ने इच्छा स्मृतिको चाहना**

खेलपछि भारतीय खेलाडीसँग नेपाली खेलाडीले अनुभव सुन्ने मौका पाए । उनीहरुको अनुभवले नेपाली टिमलाई छुट्टै हौसला दिएकोछ । भारतीय खेलाडीले नेपाली क्रिकेटरको तारिफ गरेका थिए । इन्दुले भारतीय तथा विश्वको चर्चित महिला क्रिकेटर स्मृति मन्दनासँग कुरा गरेको भिडियो सामाजिक सञ्जालमा राम्रो चर्चा पाएको थियो । उनले उनीबाट धेरै अनुभवहरु सुनेको इन्दु बताउँछिन् । त्यसमा पनि पिचमा कसरी प्रेसर सम्हाल्ने सिकेकी छिन् । फिटनेश त झनै भई हाल्यो । 'सानो देशमा राम्रो क्षमता रहेछ । अझै राम्रो र प्रगति गर्दै जानु । आउने दिनमा हामीले पुन खेल्न पाऊँ, स्मृतिले भनेको इन्दुले बताइन् ।

*(स्रोत: अनलाइनखबर)*

# संघ संस्थालाई देशैभर लागु हुनेगरी वस्तुको मूल्य तोक्न रोक



काठमाडौं/सरकारले जुनसुकै वस्तु उत्पादक तथा वितरकका संघ/संस्थालाई देशैभर लागु हुने गरी मूल्य तोक्ने काममा रोक लगाएको छ ।

अहिले विभिन्न वस्तु उत्पादकका संघसंस्थाले देशैभर लागु हुने गरी मूल्य तोक्ने गरेका छन् । जसले गर्दा मूल्यमा एकाधिकार हुने र यो उपभोक्ता कानून विपरित हुने भन्दै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले संघ संस्थाबाट देशैभर लागु हुने गरी मूल्य तोक्न नपाइने गरी सूचित गराएको छ ।

अहिले अण्डाको मूल्यमा देशैभर यस्तो सिण्डिकेट लागु भएको छ । नेपाल लेयर्स कुखुरा पालक संघ र नेपाल अण्डा उत्पादक संघ नामका दुई संगठनले देशभर लागु हुने गरी मूल्य तोक्ने गरेका छन्। त्यस्तै मासुको मूल्यमा समेत यस्तै सिण्डिकेट देखिने गरेको छ । अघोषित रुपमा धेरै संघसंस्थाले अहिले यस्तै सिण्डिकेट लागु गरिरहेका छन् ।

बजारमा मूल्य एकाधिकार कायम गर्ने, संस्थागत रुपमा मूल्य कार्टेलिङ गर्ने जस्ता कामलाई कानुनले निषेध गरेको छ । कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ ले यस्तो कार्यलाई अपराध मानेको छ । जम्माखोरी, नाफाखोरी, मालवस्तुका बिचलन, अधिकनाफा जस्ता कार्य गरेमा छापा मार्ने, खानतलासी लिने र मुद्दा दायर गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीमा छ ।

उता, विभागले उत्पादन तथा वितरण गर्ने वस्तु वा सेवाको मूल्य प्रचलित कानुनको अधिनमा रही उत्पादन, संकलन, प्रशोधन तथा वितरणका लागि लाग्ने वास्तविक लागत (कर समेत) आवश्यक मूनाफा राखी अधिकतम बिक्री मूल्य तोक्ने अधिकार उत्पादकमा रहेको समेत स्मरण गराएको छ ।

विभागले उत्पादक तथा वितरकलाई समेत नाम, ठेगाना, सम्पर्क नम्बर, उत्पादन मिति, उपभोग्य अवधि र अधिकतम खुद्रा बिक्री मूल्य अनिवार्य वस्तुमा उल्लेख गरेर मात्र बजारमा पठाउन समेत अनुरोध गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# हेटौंडा आएर सभामुखले भने, 'युवालाई साथ लिएर अघि बढ्नुपर्छ'

साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले युवालाई साथमा लिएर अगाडि बढ्नुपर्ने बताएका छन् । बागमती प्रदेशको राजधानी हेटौंडामा बिहीवार युवा सीपवर्ष २०८१ अन्तर्गत सञ्चालित निःशुल्क सीप विकास तालिमको प्रमाणपत्र वितरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले संसारका विभिन्न राष्ट्रमा भएका आर्थिक, सामाजिक, राजनीतिक परिवर्तनमा युवाको भूमिका अतुलनीय रहेको स्पष्ट पारे ।



देशमा रहेका युवा शक्तिलाई ठीक ढंगले प्रयोग गर्नुपर्ने बताउँदै उनले चुनौतीको सामना गर्दै त्यसलाई अवसरमा बदल्न सक्ने युवाशक्तिको आवश्यकता रहेको औंल्याए । गणतन्त्रपछिका सरकारले युवाको क्षेत्रमा दायित्व बोकेको बताउँदै सभामुख घिमिरेले अपेक्षाकृतरुपमा सरकारले काम गर्न नसकेको स्वीकार गरे । उनले प्रसंग जोड्दै संघीयताका कारण आर्थिक भार बढेको भन्ने नकारात्मक टिकाटिप्पणी भइरहेको सन्दर्भमा सरकारमा भएको परिवर्तनले संविधान संशोधन गरेर राष्ट्रलाई अघि लैजाने विषय उठेको बताए ।

संघीयता आवश्यक नभएको, यसले आर्थिक भार बढाएको लगायत नकारात्मक टिकाटिप्पणी भइरहेका बेला सरकार परिवर्तन हुँदा संविधान संशोधनको विषय उठेको हुनसक्ने बताए । तर, अहिले त्यता जानेबेला भएको छैन । यो विषयमा अहिले म केही भन्दिन, उनले भने । हेटौंडामा बिहीबार युवा सीपवर्ष २०८१ अन्तर्गत सञ्चालित निःशुल्क सीप विकास तालिमको प्रमाणपत्र वितरण कार्यक्रममा घिमिरेले देशमा युवालाई ठीक ढंगले प्रयोग गर्नुपर्ने बताए ।

चुनौतीको सामना गर्दै त्यसलाई अवसरमा बदल्न सक्ने युवाशक्ति आवश्यक रहेको भन्दै उनले संसारमा भएका परिवर्तनमा युवाको भूमिका महत्वपूर्ण रहेको धारणा राखे । गणतन्त्रपछिका सरकारले युवाको क्षेत्रमा अपेक्षित काम गर्न नसकेको पनि उनको भनाइ छ । कार्यक्रममा नेकपा (एमाले) का मुख्य सचेतक तथा मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर २ का सांसद महेशकुमार बर्तौलाले वैदेशिक रोजगारीका कारण देशका धेरै विश्वविद्यालय, कलेज खाली हुँदै जाने खतरा बढेकोमा चिन्ता व्यक्त गरे । उनले युवालाई सीप सिकाउँदै स्वरोजगार र रोजगारी प्रदान गरेर युवालाई स्वदेशमै टिकाउनु अपरिहार्य रहेको बताए । सरकारले न्यूनतम साझा कार्यक्रममार्फत नेपालका युवालाई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धा गर्न सक्नेगरी सीपयुक्त बनाउने कार्यक्रम ल्याउने तयारी गरेको उनले जानकारी दिए ।

ब्युटिसियन तालिम लिएकी विष्णुकुमारी परियारले प्रदेश युवा परिषद्ले सीप सिकाउँदै काम गरेर बाँच्न सक्ने बाटो देखाइदिएको बताउँदै थप एडभान्स तालिमको पनि आवश्यकता रहेको बताइन् । हेटौंडामा चितवन, मकवानपुर र सिन्धुलीमा सञ्चालन गरिएको तालिमका सहभागीलाई प्रमाणपत्र वितरण गरिएको थियो । बागमती प्रदेश युवा परिषद् कार्यालय हेटौंडाले गत आर्थिक वर्ष २०८०/८१ मा टेलरिङ, फेसन डिजाइनर, ब्युटिसियन, मन्टेश्वरी, कुक, बारिष्ठा, वेटर-वेट्रेस, डकर्मी, सिकर्मी, बिल्डिङ इलेक्ट्रिसियन, प्लम्बिङ, मोटरसाइकल मर्मत लगायतका २१ प्रकारका आधारभूत तालिम प्रदान गरेको थियो ।

परिषद्ले प्रदेशका १३ वटै जिल्लामा करिब चार हजार पाँचसय जनालाई तालिम प्रदान गरेको कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले जानकारी दिए । कार्यक्रममा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, एमाले बागमती संसदीय दलका नेता जगन्नाथ थपलिया, नेपाली कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँलगायतले मन्तव्य राखेका थिए ।

# खेलकुद पूर्वअध्यक्ष खड्गीद्वारा जर्सी सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ मकवानपुर जिल्ला खेलकुद विकास समितिका पूर्वअध्यक्ष भेष खड्गीद्वारा शारीरिक सुगठनका खेलाडीहरुलाई जर्सी सहयोग गरिएको छ ।

हेटौंडाकै सबैभन्दा पुरानो हेडम्बा ब्यायाम मन्दिर कभर्डहलमा नियमित शारीरिक सुगठन खेलमा सहभागी २६ जना खेलाडीहरुलाई पूर्वअध्यक्ष खड्गीले बुधबार एक/एक थान जर्सी सहयोग गरेका हुन् । व्यायाम मन्दिरका अध्यक्ष तथा हेटौंडा उपमहानगर पालिकाका पूर्वप्रमुख हरिबहादुर महतको उपस्थितिमा जर्सी सहयोग हस्तान्तरण गरिएको हो ।

शारीरिक सुगठन खेलमा खेलाडीहरुलाई आकर्षित गर्न जर्सी सहयोग गरेको हाम्रो सुमो सेवा यातायात कम्पनीका अध्यक्षसमेत रहेका खड्गीले बताए । 'खेल क्षेत्रमा खेलाडीलाई हौसलाको खाँचो छ', पूर्वअध्यक्ष खड्गीले आगामी दिनमा पनि सहयोग निरन्तर जारी राख्ने बताए ।

खड्गीले आफू खेलकुद विकास समितिको अध्यक्ष रहँदा हेटौंडामा वृहत् खेलकुद तथा व्यापार महोत्सव आयोजना गरेर त्यसबाट २० लाख रुपियाँ आर्जन गरी खेलाडीहरुको हितका लागि अक्षयकोष समेत स्थापना गरिसकेका छन् । उनले आफ्नो स्वर्गीय पिताको स्मृतिमा वर्षेनि ५० हजार रुपियाँ अक्षयकोषमा थप्ने घोषणासमेत गरेका छन् ।

# बागमती प्रदेशप्रमुख शर्माद्वारा समवेदना व्यक्त

साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा जहाज दुर्घटनामा परी निधन भएकाप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

प्रमुख शर्माले समवेदना सन्देश जारी गर्दै विमान दुर्घटनामा परी निधन भएकालाई श्रद्धाञ्जली र घाइतेलाई शीघ्र स्वास्थ्यलाभको कामना गरेका हुन् । काठमाडौंबाट पोखरातर्फ प्रस्थान गर्ने क्रममा सौर्य एयरको ९ एन एएमई कलसाईन भएको जहाज त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थलमा दुर्घटना भई १८ जनाको निधन भएको थियो ।

दुर्घटनामा घाइते अवस्थामा उद्दार गरिएका पाइलटको उपचार भइरहेको छ । यस घटनाको खबरले आफूलाई अत्यन्त दु:खित तुल्याएको प्रमुख शर्माले बताएका छन् ।

# बागमती बगेरीमा बेवारिसे शव फेला

साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/पूर्वी मकवानपुरको बागमती गाउँपालिका-५ बगेरीमा बेवारिसे अवस्थामा एक पुरुषको शव फेला परेको छ ।

बागमती खोलाको बीच बगरमा खोलाले बगाएर ल्याएको अवस्थामा अन्दाजी २५ वर्षीय पुरुषको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको हो । शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।

प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार शव करिब ५ दिन पहिलाको जस्तो देखिएको, शरीर सबै फुलेको घोप्टो अवस्थामा फेला परेको बताइएको छ । आवश्यक मुचुल्का पश्चात् शव पोष्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याइएको छ ।

## निर्माण व्यवसायी संघ मकवानपुरबाट जारी सार्वजनिक सूचना

***दोस्रो पटक प्रकाशित मिति : २०८१/०४/११***

यस निर्माण व्यवसायी संघ मकवानपुरको स्वामित्वमा रहेको जि.म. हे.उ.म.न.पा.वडा नं. ४ स्थित कि.नं. ३३४८ र ३२५९ को जग्गामा बहुउद्देश्यीय भवन निर्माण गर्ने निर्णय भए बमोजिम ५ तले भवनको ड्रोइङ्ग/डिजाइन नक्सा इस्टिमेट एनलाईसिस सहित के कति दररेटमा गर्न सकिन्छ उक्त भवन नक्सा तयार गर्ने प्रयोजनका लागि सुचिकृत ईन्जिनियर/ईन्जिनियरिङ्ग कन्सलटेन्सीहरुले नक्सा पास कार्य गर्नका लागि घटि घटाउको आधारमा मुल्य खुलाई यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र यस संघको कार्यालयमा तपशिल बमोजिमको आवश्यक कागजातसहित पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । दर्ता हुन आएका आवेदनहरुको मूल्याङ्कनको आधारमा स्वीकृत गर्ने नगर्ने अधिकार यस संघको कार्यसमितिको बैठकमा निहीत रहनेछ । म्याद नाघेर आएको कागजातहरु मान्य हुने छैन ।

**आवश्यक कागजातहरू**

१. फर्मको प्रोफाइल एक सेट ।
२. फर्म संञ्चालकको बायोडाटा, शैक्षिक योग्यताको प्रमाण पत्र ।
३. ईन्जिनियरको बायोडाटा शैक्षिक प्रमाण पत्र ।
४. फर्म दर्ताको प्रमाण पत्रहरु, कर चुक्ताको प्रमाण पत्र ।
५. नागरिकताको फोटो कपि-१
६. स्ट्रक्चर डिजाइनको लागि ईन्जिनियर भए ३ वर्ष भवनमा अनुभवी हुनुपर्ने ।
७. मुल्यसूचिको विवरण ।

**सम्पर्क**

कार्यालय फोन नं. : ०५७-५२०८१६
मोबाईल नं. : ९८५५०१५८१६
ईमेल : caofmakwanpur@gmail.com

राजेन्द्र प्रसाद चौलागाई
महासचिव

**निर्माण व्यवसायी संघ मकवानपुर**

# हेटौंडा औद्योगिक क्षेत्रमा ११ उद्योग निर्माणाधीन

साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ अमेरिकी सरकारको सहयोगमा बिक्रम सम्बत २०२० सालमा स्थापना गरिएको नेपालकै सबैभन्दा ठूलो (क्षेत्रफलका हिसाबले) औद्योगिक क्षेत्र हेटौंडा औद्योगिक क्षेत्रमा गत आर्थिक वर्षमा ११ उद्योग निर्माणाधीन अवस्थामा रहेका छन् ।

तीन हजार २२८ रोपनीमा फैलिएको औद्योगिक क्षेत्रमा आव २०८०/८१ मा ११७ वटा उद्योग सञ्चालनमा रहेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका सूचना अधिकारी काशिराम घिमिरेले जानकारी दिए । उनले दिएको तथ्यांक अनुसार साउथ एसियन ब्रुअरी, नेबिको प्रालि, टिएसएन प्लास्टो केयर, मकालु डेरी उद्योग, राधाकृष्ण सिन्थेटिक, लक्ष्मी पेन्ट्स, ड्रिम पेन्ट्स नेपाल, राधेराधे इन्जिनियरिङ वर्कसप, प्रिसिअस वेस्ट रिफाइनरी, बिएचपी मेनुफ्याकचरिङ, फेबुलस म्यानुफ्याकचरिङ, हिमालय पोलिमर्स निर्माणाधीन अवस्थामा रहेको हो । कार्यालयका अनुसार इन्भोरोप्लान्ट नेपाल प्रालि र नेपाल ब्रुअरिज प्रालि बन्द अवस्थामा रहेका छन् ।

उद्योग सञ्चालन गर्न सम्झौता गरी उद्योग सञ्चालनमा नल्याउने चार वटा उद्योगसँगको सम्झौता रद्द गरिएको छ । गत आव २०८०/८१ मा कार्यालयले उद्योग सञ्चालन गर्न सम्झौता गरेका ती उद्योगले आवश्यक संरचना निर्माणसँगै उद्योग सञ्चालनमा ल्याउन नसकेको भन्दै सम्झौता रद्द गरेको हो । हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका निमित्त क्षेत्र व्यवस्थापक संगीता कुँवरका अनुसार लक्ष्मी पेन्ट्स उद्योग, नाथ फुड्स् इन्डस्ट्रिज प्रालि, बिवाइएस हेटौंडा प्रालि र सनराइज कन्टेनर्स प्रालिसँग हेटौंडा औद्योगिक क्षेत्रभित्र उद्योग सञ्चालन गर्न गरिएको सम्झौता रद्द गरिएको हो ।

सनराइज कन्टेनर्स प्रालिले प्लास्टिकका विविध वस्तु, नाथ फुड्स् इन्डस्ट्रिजले बिस्कुट तथा बेकरी, लक्ष्मी पेन्ट्सले वाल पुटिङ, रङरोगन र बिवाइएस हेटौंडाले विभिन्न प्रकारका फ्ल्याट, एङ्गल फाइल, कम्बिनेसन प्लायरलगायतका औजार उत्पादन गर्ने गरी उद्योग सञ्चालनका लागि जग्गा भाडामा लिन सम्झौता गरेको थियो । उनले ती उद्योगले उद्योग सञ्चालन गर्न सम्झौता गरेर पूर्वाधार निर्माण गरी उद्योग सञ्चालन नगरेको र जग्गा मात्र ओगटेकाले सम्झौता रद्द गरिएको बताइन् । हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयसँग २०७२ र २०७३ मा सम्झौता गरेका चार उद्योगले ३० रोपनी जग्गा ओगटेका थिए ।

सम्झौता भएको छ महिनाभित्रमा आवश्यक संरचना निर्माण कार्य सुरु गरी दुई वर्षभित्रमा उद्योग सञ्चालनमा ल्याइसक्नु पर्ने र सञ्चालनमा ल्याउन नसकेमा दुई पक्षबीच भएको सम्झौता स्वतः रद्द हुने सम्झौतामा उल्लेख रहेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका सूचना अधिकारीले जानकारी दिए ।

# ज्यामिरेमा अचेत अवस्थाका पुरुषको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १० साउन/ पश्चिम मकवानपुरको मनहरी-८, ज्यामिरेमा बुधवार एक पुरुषको बेहोस भएपछि केही बेरमा मृत्यु भएको छ । अन्दाजी ५३ वर्षीय मदन दमाई बेहोस भएपछि उनको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मदन बुधवार बेलुका निर्मलबस्तीस्थित राजकुमार कामीको घरमा श्रीमती बिरामी भई झारफुक गराउन गएका थिए । झारफुक पश्चात् ना. २ ह ३१३ नम्बरको अटोमा घर फर्कनेक्रममा अटोमै बेहोस भई उपचारका लागि मनहरी अस्पताल ल्याइएकोमा उपचारका क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

**हाम्रो सुमो सेवाको**



नयाँ प्रस्तुति...

**Electric Van (EV)**
**विद्युतीय यात्रुबाहक सेवा**





२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।

हेटौंडा–काठमाडौं–हेटौंडा | हेटौंडा–वीरगञ्ज–हेटौंडा

*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालक: भेष खड्गी

**हाम्रो सुमो सेवा**
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३

**सूचना ! सूचना !! सूचना !!!**

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्




हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

**Singhabahini Moto Corp Pvt. Ltd.**
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्योपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना